नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा मिति २०८२।०७।१६ गते बसेको सर्वदलीय / सर्वपक्षीय

**बैठकका निर्णयहरु:-**

१. आजको बैठकमा जिल्लामा क्रियाशिल सबै राजनैतिकदल, सामाजिक संघ/ संस्था, धार्मिक संघ/ संस्था, जनप्रतिनिधि, पूर्व जनप्रतिनिधि लगायत सबै पक्षसंग प्रमुख जिल्ला अधिकारीले परिचय गर्नु भई जिल्लाको समग्र अवस्थाको बारेमा जानकारी आदान प्रदान भयो ।

२. जिल्लामा कतिपय अराजक र उच्छृङ्खल तत्वहरुले सामाजिक संजाल तथा अनलाइनको दुरुपयोग गरी जातीय धार्मिक एवं साम्प्रदायिक सदभावमा खलल पुर्याउने र राष्ट्रिय सुरक्षा एवं राष्ट्रिय एकतामा आँच पुग्ने खालका तथ्यहिन विषयवस्तुको साथै व्यक्ति/ समूदायको प्रतिष्ठा एवं आत्मसम्मानमा ठेस पुग्ने खालका गतिविधिहरु भईरहेको सन्दर्भमा आइन्दा जो कोहीले त्यस्तो कुनै पनि सामाग्री, लेख, विचार, प्रकाशन/ प्रशारण नगर्ने/ नगराउने तथा यस्ता गैरकानूनी कृयाकलापहरु कानूनत दण्डनीय हुने हुँदा त्यस्तो गर्ने जो कोहीलाई प्रचलित कानून बमोजिम कडा कारवाही गर्न सबैले सहयोग गर्ने ।

३. जिल्लामा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र एकताको वातावरण कायम राख्न सबैले आ- आफ्नो क्षेत्रबाट सहयोग गर्ने र आ- आफ्ना समर्थक एवं कार्यकर्तालाई सामाजिक सद्भाव कायम राख्न निर्देशन दिने ।

४. कुनै पनि व्यक्ति वा समूहले सामाजिक संजाल वा धार्मिक स्थलमा विभाजनकारी, उत्तेजक, धार्मिक वा जातीय द्वेष फैलाउने गतिविधि नगर्ने र धार्मिक, सांस्कृतिक कार्यक्रम गर्दा अन्य समुदायको भावनामा ठेस नपुग्ने गरी संचालन गर्ने ।

५. धार्मिक, साँस्कृतिक वा राजनितिक कार्यक्रम गर्दा स्थानीय प्रशासनलाई पूर्व जानकारी दिई गर्ने ।

६. जिल्ला स्थित सुरक्षा निकायहरुले सम्भावित संवेदनशील स्थानहरुमा सुरक्षा व्यवस्था मजबुत बनाउने, सामाजिक सद्भाव भड्काउने तथा हिंसा फैलाउने वा अफवाह फैलाउने व्यक्ति माथी विद्यमान कानून अनुसार आवश्यक कारवाही गर्ने, यस्तो कार्यको लागि सबैले सहयोग गर्ने ।

७. मानव अधिकारको क्षेत्रमा क्रियाशिल व्यक्ति/ संघ/ संस्थाले कुनै जात, धर्म वा राजनितिक पक्षमा नरही तटस्थ भएर शान्ति र अधिकार दुवैको संरक्षणका लागि सहयोग गर्ने ।

८. स्थानीय तह, स्थानीय अगुवा, सामाजिक संघ/संस्था, महिला समूह, युवा क्लव, सहकारी संस्था लगायतले विवादको पूर्वरोकथाम गर्न, समुदायहरुबीच सेतुको काम गर्न र सामाजिक सद्भाव कायम राख्न संवेदनशील भई क्रियाशिल हुने

९. संचार क्षेत्रले समाजमा जनचेतना फैलाउने, सत्यतथ्य र सन्तुलित समाचार प्रकाशन, सद्भाव र सहिष्णुताको सन्देश फैलाउने जस्ता प्रभावकारी कार्य गर्ने ।

०८२।७।१६

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी